# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

## २०७९

## देवानगञ्ज गाउँपालिका

सुनसरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## देवानगञ्ज गाउँपालिका

### सुनसरी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## देवानगञ्ज गाउँपालिका

सुनसरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः
च.नं. ७१ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

१. **कैफियतसहितको राय-** हामीले देवानगञ्ज गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ८ करोड ४६ लाख ६ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७४ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ५८ लाख २१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३ लाख ३७ हजार र पेश्की रू. १० लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ४ करोड ६९ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १३ करोड १५ लाख ३५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्ष

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

देवानगञ्ज गाउँपालिका, सुनसरी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | १५५ | ८४६०६ | ० | ० | ० | ५५ | १५५ | ८४६०६ | ७४४८ | १०३३७ | ६५८२१ | ० | ० | ७६१५८ | १००० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपर कुनै प्रतिकृया प्राप्त नभएकोले प्रतिकृयाबाट फछ्र्यौट नभाएको | | | |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| देवानगञ्ज गाउँपालिका सुनसरी | ४६९२९ | ० | ० | ४६९२९ | ० | ८४६०६ | १३१५३५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : देवानगञ्ज गाउँपालिका, सुनसरी , देवानगन्ज गाउँपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चुडामणी गुरागाई | २०७७-५-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री इन्द्र कुमार श्रेष्ठ | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८४,६०६,१३३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५,९१,९५,४४३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,७४,४१,००० | **चालु खर्च** | २५,८८,६४,०३६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,९४,९३,००० | **पूँजीगत खर्च** | २०,७६,१०,९२३ |
| **राजश्व बाँडफाँट** | ८,३३,६८,९४३ | **वित्तीय/अन्य व्यवस्था** | ५,३८,७३,२२९ |
| **आन्तरिक आय** | १,५१,७६,०३४ | | |
| **अन्य आय** | २,६०,१०,६७५ | | |
| **कुल आय** | ५१,१४,८९,६५२ | **कुल खर्च** | ५२,०३,४८,१८८ |
| **बाँकी मौज्दात** | | १५,०३,३६,९०७ | |
| | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ५३.५६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको, हाल ७ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्य संख्या ३९ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या ३५०६८ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणः<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानुनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>एकिकृत आय व्यय विवरणः<br><br><table><tr><td colspan="3">प्राप्ती तर्फ</td><td colspan="3">भुक्तानी तर्फ</td></tr><tr><td>प्राप्ती विवरण</td><td></td><td>रकम रु</td><td>भूक्तानी विवरण</td><td></td><td>रकम रु</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| क. गत वर्षको नगद मौज्दात | | १५९१९५४४३.०९ | क. बजेट खर्च | | ४६६४७४९५९.३८ |
| १. संचित कोष | १२९४२४४४.२१ | | १. चालु खर्च | २५८८६४०३६.३५ | |
| २. धरौटी | १५६०१८१७.३९ | | २. पुँजिगत खर्च | २०७६१०९२३.०३ | |
| ३. प्रकोष व्यवस्थापन कोष | ११७७५०२०.०८ | | | | |
| ४. मर्मत कोष | २३९४१६१.४१ | | ख. कोष खर्च | | ११९५०२३५.२५ |
| | | | १. धरौटी | ४९४५३५५.२५ | |
| | | | २. प्रकोप व्यवस्थापन | १५८२३१०.०० | |
| ख.संघिय सरकारको अनुदान | | ३४७४४१०००.०० | ३. मर्मत कोष खाता | २८४९१०९.०० | |
| १. समानिकरण अनुदान | १२५९०००००.०० | | ४.एम्बुलेन्स खर्च | ११४४५४२.०० | |
| २.शसर्त अनुदान | २२१५४१०००.०० | | ५.बरुदयन्त्र संचालन खर्च | १४२८९१९.०० | |
| | | | | | |
| | | | ग. मौज्दात | | १५०३३६९०६.७२ |
| | | | १. संचितकोष | ११७२०७३५०.५६ | |
| ग. प्रदेश सरकारको अनुदान | | ३९४९३०००.०० | २. धरौटी | १८७७५५४१.०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. समानिकरण अनुदान | ७२६९०००.०० | | २. धरौटी फरक पूँजिगतमा खर्च | ३३०८०२१.३५ | |
| २.ससर्त अनुदान | २२२२४०००.०० | | ३. प्रकोष व्यवस्थापन कोष | १०१९२७१०.०८ | |
| ३. समपुरक अनुदान | १००००००००.०० | | ४. मर्मत कोष खाता | ४२५६४४.७१ | |
| | | | ५. विविध कोष खाता | ४२७६३८.९६ | |
| घ. राजश्व बाँडफाँड | | ९८५४४९७७.८६ | | | |
| १. संघ तर्फ | ७९९५०९५३.७९ | | घ. संघिय सरकारलाई रकम फिर्ता | | ४१९२२९९४.७२ |
| २.प्रदेश तर्फ | ३४१७९८९.०८ | | १. चालु तर्फ | ४१७२९५८३.०८ | |
| ३.आन्तरिक राजश्व | १५१७६०३४.९९ | | २. पुँजिगत तर्फ | १९३४११.६४ | |
| | | | | | |
| ङ. अन्य शिर्षकको आम्दानि | | २६०१०६७५.१२ | | | |
| १. आईटीलाइ तलब वापत प्राप्त रकम | ५१७८७०.०० | | | | |
| २. संचित कोषमा आम्दानि | ६१४१३४०.०० | | | | |
| ३. धरौटी आम्दानी | ११४२७१००.७ | | | | |
| ४. विविध खर्च खाताको आम्दानि | २२७९१५०.०० | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. मर्मत कोषको आम्दानि | १८७२२३२.३० | | | | |
| ६ करुणा फाउणडेशन | १२०००००.०० | | | | |
| ७ जिल्ला समन्वय समिति | १५०००००.०० | | | | |
| ८ कोभिडको तलब सोधभर्ना | ५३९३२०.०० | | | | |
| फरक रकम | ५३३६६२.१२ | | | | |
| जम्मा रु | | ६७०६८५०९६.०७ | | | ६७०६८५०९६.०७ |

५

## प्राप्ती भुक्तानी विवरणः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५५,२७,१२,६९४.४९ | ५१,१७,८७,९९९.१८ | | ५१,१७,८७,९९९.१८ | ४८,१७,७२,०५५.९५ | | ४८,१७,७२,०५५.९५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५३,३८,१८,५१३.०० | ४९,२८,९९,४३९.८६ | ०.०० | ४९,२८,९९,४३९.८६ | ४३,२६,४०,३०८.८६ | ०.०० | ४३,२६,४०,३०८.८६ |
| ११००० कर | ११ | ८,३०,१७,६४०.०० | ८,४७,७०,२१५.३८ | ०.०० | ८,४७,७०,२१५.३८ | ६,७७,३६,०६१.३० | ०.०० | ६,७७,३६,०६१.३० |
| १३००० अनुदान | | ३९,५१,७३,८७३.०० | ३९,४३,५६,५६२.०० | ०.०० | ३९,४३,५६,५६२.० | ३६,३३,३१,५४२.५० | ०.०० | ३६,३३,३१,५४२.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ० | | | |
| संघीय सरकार | १२ | ३४,७८,९१,०००.०० | ३५,१५,९१,०००.०० | ०.०० | ३५,१५,९१,०००.०० | ३४,७२,८४,७०२.५० | ०.०० | ३४,७२,८४,७०२.५० |
| प्रदेश सरकार | १२ | ३,९४,९३,०००.०० | ३,९४,९३,०००.०० | ०.०० | ३,९४,९३,०००.०० | १,४४,४६,८४०.०० | ०.०० | १,४४,४६,८४०.०० |
| अन्तरिक श्रोत | | ३५,८९,८७३.०० | २५,००,०००.०० | ०.०० | २५,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| जनसहभागिता | | ४२,००,०००.०० | ७,७२,५६२.०० | ०.०० | ७,७२,५६२.०० | १६,००,०००.०० | ०.०० | १६,००,०००.०० |
| १४००० अन्य राजस्व | | ५,५६,०२,०००.०० | १,३७,४२,६६२.४८ | ०.०० | १,३७,४२,६६२.४८ | १५,७२,७०५.०६ | ०.०० | १५,७२,७०५.०६ |
| १५००० विविध प्राप्ति | | २५,०००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १,८८,९४,१८१.४९ | १,८८,८८,५५९.३२ | | १,८८,८८,५५९.३२ | ४,९१,३१,७४७.०९ | | ४,९१,३१,७४७.०९ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १,८८,९४,१८१.४९ | ८१,९९,४१२.०० | ०.०० | ८१,९९,४१२.०० | ४,९१,३१,७४७.०९ | ०.०० | ४,९१,३१,७४७.०९ |
| धरौटी | | ०.०० | १,०६,८९,१४७.३२ | ०.०० | १,०६,८९,१४७.३२ | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ६८,२१,३७,१३८.७० | ४८,१०,०५,५००.५० | | ४८,१०,०५,५००.५० | ४१,९१,९९,०९२.३७ | | ४१,९१,९९,०९२.३७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६,३२,४२,९५७.२१ | ४६,९६,३६,७०४.१८ | | ४६,९६,३६,७०४.१८ | ४०,८५,९१,८४२.४२ | | ४०,८५,९१,८४२.४२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,६८,५७,०००.०० | १४,४०,५६,३७५.६३ | ०.०० | १४,४०,५६,३७५.६३ | ११,२५,५७,४७०.३६ | ०.०० | ११,२५,५७,४७०.३६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,७०,५२,७४६.०० | १०,६१,१६,६९०.७२ | ०.०० | १०,६१,१६,६९०.७२ | ८,२०,४४,८८३.५७ | ०.०० | ८,२०,४४,८८३.५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| २५००० सहायता (Subsidy) | १८ | ४५,९२,०००.०० | ३६,०६,४९०.०० | ०.०० | ३६,०६,४९०.०० | ४६,११,३८८.०० | ०.०० | ४६,११,३८८.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,५१,६५,०००.०० | ४४,९६,७१५.०० | ०.०० | ४४,९६,७१५.०० | ४९,९०,५४८.८० | ०.०० | ४९,९०,५४८.८० |
| २८००० अन्य खर्च | १८ | ९,८०,०००.०० | ५,८७,७६५.०० | ०.०० | ५,८७,७६५.०० | १०,५२,२५०.०० | ०.०० | १०,५२,२५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३०,८५,९६,२११.२१ | २१,०७,७२,६६७.८३ | ०.०० | २१,०७,७२,६६७.८३ | २०,३३,३५,३०१.६९ | ०.०० | २०,३३,३५,३०१.६९ |
| घ. अन्य भूक्तानी | | १,८८,९४,१८१.४९ | १,१३,६८,७९६.३२ | | १,१३,६८,७९६.३२ | ४१,९१,९९,०९२.३७ | | ४१,९१,९९,०९२.३७ |
| कोषहरु | | १,८८,९४,१८१.४९ | ७०,०४,८८०.०० | ०.०० | ७०,०४,८८०.०० | १,०६,०७,२४९.९५ | ०.०० | १,०६,०७,२४९.९५ |
| धरौटी | | ०.०० | ४७,०२,५७४.२५ | ०.०० | ४७,०२,५७४.२५ | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,३८,६५७.९३) | | (३,३८,६५७.९३) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१२,९४,२४,४४४.२१) | ३,०७,८२,४९८.६८ | | ३,०७,८२,४९८.६८ | ६,२५,७२,९६३.५८ | | ६,२५,७२,९६३.५८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १५,०१,४७,५३५.३५ | | १५,०१,४७,५३५.३५ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१२,९४,२४,४४४.२१) | १८,०९,३०,०३४.०३ | | १८,०९,३०,०३४.०३ | ६,२५,७२,९६३.५८ | | ६,२५,७२,९६३.५८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १८,०९,३०,०३४.०३ | | १८,०९,३०,०३४.०३ | १८,६३,९१,६५६.६३ | | १८,६३,९१,६५६.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ५.१ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९१२२६८८० एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम तर्फको रु १७४३०००० गरी जम्मा रु १०८६५६८८० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ५.२ | | | **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ९०६५४०९ , यस वर्षको प्राप्ति रु. २९८३४६ ,यस वर्षको भुक्तानी रु. ३९३४२६९० र बैङ्क मौज्दात रु. ३०५९३१२८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | १५०१३००३४ | ५११७८७९९९ | ४८१००५५०० | १८०९३००३४ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५९१९५४४३ | ५११४८९६५३ | ५२०३४८१९० | १५०३३६९०६ |
| फरक | ९०६५४०९ | २९८३४६ | ३९३४२६९० | ३०५९३१२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **सञ्चित कोष जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार सञ्चित कोषमा रु. १५९१९५४४३.०९ मौज्दात रहेकोमा यो वर्ष सञ्चित कोषमा रु. १५९१९५४४३ जिम्मेवारी सारेको छ । | |
| ५.४ | | | **बैंक मौज्दात घटी देखाएको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार बैङ्क मौज्दात रु ३३२३१५६७ घटी देखाएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>संचित कोष</td><td>०</td><td>२२९८३४५१</td><td>२२९८३४५१</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>४४७७१०८०</td><td>२१००२७८६</td><td>-२३७६८२९४</td></tr>
<tr><td>३</td><td>पुँजीगत खाता</td><td>१०३०८८४०५</td><td>४७९१०२५०</td><td>-५५१७८१५५</td></tr>
<tr><td>४</td><td>आन्तरिक अनुदान खाता</td><td>३७०००००</td><td>२५७५९९०</td><td>-११२४०१०</td></tr>
<tr><td>५</td><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>१६५२४५५७</td><td>१६५२४५५७</td></tr>
<tr><td>६</td><td>राजश्व बाडफाड खाता</td><td>०</td><td>७२९७३१५</td><td>७२९७३१५</td></tr>
<tr><td>७</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>१०१९२७१०</td><td>१०२२६२७७</td><td>३३५६७</td></tr>
<tr><td>८</td><td>विविध खर्च खाता</td><td>४२७६३८</td><td>४२७६३८</td><td>०</td></tr>
<tr><td>९</td><td>मर्मत सम्भार कोष</td><td>४२५६४४</td><td>४२५६४४</td><td>०</td></tr>
<tr><td>१०</td><td>धरौटी</td><td>१८७७५५४१</td><td>१८७७५५४१</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>-३३२३१५६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री पुनिता देवी यादवले २०७८।३।१० गते रु. ६३०३१८९५७ को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रसाशकीय अधिकृतलाई अख्तियारी दिएको पाइयो । कानुनमा उल्लेख भए वमोजिमको समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन<br>• पालिकामा PAMS लागू भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुँदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे यकिन गर्न नसकिने हुँदा खरिद गरिएको मालसामानहरु PAMS मा इन्ट्री गर्नुपर्दछ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता समिति | |

| क्रम | भौचर नम्बर | भौच र मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थानीय तहको आर्थिक कारोवारको लागि म ले नि का बाट स्वीकृत सफ्टवेयर सूत्र (SUTRA) प्रयोग गरी कारोवार संचालन र वित्तीय प्रतिवेदन तयार गरेको पाइयो।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **खरिद योजना** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौच र मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरिद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>लक्ष्य तथा प्रगतिः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ३६ मा त्रैमासिम प्रगति प्रतिवेदन प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने तथा समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नियमावलीको व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । अतः पालिकाले वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सुत्र (SuTRA) सफ्टवेयरबाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलब्ध हुने चौमासिक खर्च विवरण अनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।
<table>
<tr><th rowspan="2">बजेट शीर्षक</th><th rowspan="2">कुल खर्च रु.</th><th colspan="4">चौमासिक खर्च ( रु . हजारमा )</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तेस्रो</th><th>आषाढ महिना</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>कुल पूँजीगत खर्च</td><td>२१०७७२</td><td>४२५४१</td><td>७०८१३</td><td>९७४१६</td><td>५५६३७</td></tr><tr><td>खर्चको प्रतिशत</td><td>१००</td><td>२०</td><td>३४</td><td>४६</td><td>२६</td></tr></table><br>प्राप्त विवरणको विश्लेषण गर्दा पूँजीगत खर्चमध्ये तेस्रो चौमासिकमा मात्र कुल खर्चको ४६ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको २६ प्रतिशत खर्च भएको देखिन्छ । तेस्रो चौमासिकमा भएको खर्चमध्ये २६ प्रतिशत खर्च असार महिनामा मात्र खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नपर्ने तथा प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १२ | | | **सेवा प्रवाह**<br>नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौच र मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>७७६</td><td>७७३</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>६७५</td><td>६६५</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>३४५</td><td>३२१</td></tr>
<tr><td>४</td><td>जन्म, मृत्यु दर्ता</td><td>१५९</td><td>१५९</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>५४३</td><td>५४३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सवारी साधन दर्ता<br><br>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा नं. १५ मा सरकारी सवारीको हकमा त्यस्तो सवारी साधन जुन कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र सिफारिस संलग्न गरी सवारी दर्ता गराउनु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका देहायका सवारी साधन नियमानुसार कार्यालयको नाममा दर्ता गरी सेतो नम्बर प्लेट बनाएको पाइएन । जसले गर्दा नियमको पालना नभएको तथा सोको दुरुपयोग हुन सक्ने भएकोले पालिकाले तुरुन्त कार्यालयको नाममा दर्ता गरी सेतो नम्बर प्लेटमा परिवर्तन गर्नुपर्दछ ।
<table>
<tr><th>सवारी साधनको प्रकार</th><th>सवारी साधन नं.</th></tr>
<tr><td>मोटरसाइकल</td><td>प्र १०२०४४ प ६७५६</td></tr>
<tr><td>मोटरसाइकल</td><td>प्र १०२०४६ प ५२१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>जिन्सी लगत र संरक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(४) मा उपनियम १ र २ वमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धीत कार्यालय प्रमुखको हुने व्यवस्था छ । त्यस्तै, नियम ९९(१) मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामानको अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । पालिकाले नियमावली वमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई आम्दानी बाध्ने गरेको तथा आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १५ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष पालिका चालु शीर्षकबाट खाना तथा विविधतर्फ रु. १३९४१९० खर्च गरेको छ । साथै पालिकाले ७ वटै वडाहरुमा समेत विविध खर्च शीर्षकमा विनियोजन गरी रु. ३१४४१९० खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १६ | | | **संचार खर्च**<br><br>गाउँपालिकाले यस वर्ष संचार खर्च शीर्षकबाट टेलिफोन, इन्टरनेट शुल्क तथा मोबाइल रिचार्जमा रु. १,५५,९४९ खर्च गरेको छ । कार्यालयमा ल्याडलाईन टेलिफोन खर्च तथा पदाधिकारी र कर्मचारीलाई संचार खर्च वापत मोवाइलमा रिचार्ज खर्च समेत दिने गरेको पाइयो । यसरी संचार खर्च भुक्तानी सम्बन्धी कार्यविधि नभएकोले कति खर्च पाउने हो यकिन गर्न सकिएन । आगामी दिनमा संचार खर्च सम्बन्धी कार्यविधि बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २३७११५७ आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १८ | | | **भ्रमण अभिलेख तथा प्रतिवेदन**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरी एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिवेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएवमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| १९ | | | **विद्यालयगत निकासा रजिस्टर्ड**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **धरौटी फिर्ताः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २,५८९,४५१ |

| गो. भौ . नं .र मिति | विवरण | रकम रू. |
|---|---|---|
| २- ०७८।५।२९ | सुन्दर्भ कन्स्ट्रक्शन प्रा. लि .( ६०६५७५६१८ ) | १८२५३० |
| ३- ०७८।५।२९ | सुन्दर्भ कन्स्ट्रक्शन प्रा. लि .( ६०६५७५६१८ ) | २११२८ |
| ४- ०७८।५।२९ | मधु कन्स्ट्रक्शन प्रा. लि .( ३०३३२८२२९ ) | ८४८८ |
| ५- ०७८।५।२९ | सुभाष निमार्ण सेवा ( ३००९६१०१० ) | ७०७१ |
| ६- ०७८।५।२९ | गजब कन्स्ट्रक्शन प्रा. लि . | ८६२० |
| ९- ०७८।६।५ | कुश्वाहा खाद विज भण्डार ( ३०३८६७०५६ ) | २९३९७० |
| १०- ०७८।६।६ | बागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्स प्रा. लि .( ६०९५२१११५ ) | १४८०३ |
| ११- ०७८।६।८ | होदा कन्स्ट्रक्शन प्रा. लि .( ६०८४०९५३५ ) | ३२२४७ |
| १२- ०७८।६।८ | होदा कन्स्ट्रक्शन प्रा. लि .( ६०८४०९५३५ ) | ३०४०४३ |
| १४- ०७८।६।१४ | जनहित ट्रेडर्स ( ६१०५४४६४० ) | २१२९४ |
| १५- ०७८।६।१४ | भारध्वज औषधालय ( ३०११४८६२५ ) | ३१०६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| १८- ०७८।६।१७ | मनोज निर्माण सेवा ( ३००३९४०६५ ) | २११३० |
| २०- ०७८।६।२४ | अब्दुल्लाह बिल्डर्स प्रा. लि .( ६०५९३३६१९ ) | २३३०४८ |
| २४- ०७८।७।१६ | सराजुदिन निर्माण सेवा ( ६०१७७२८१६ ) | ५३६३ |
| २५- ०७८।७।१६ | हिमाल इन्जिनियरिङ एण्ड पावर कन्सर्न ( ६०१२५८०६४ ) | ९०१४२ |
| २७- ०७८।७।३० | अपिल निर्माण सेवा ( ६१३३०४०७२ ) | ६६१६९ |
| २९- ०७८।८।१६ | श्रेष्ठ निर्माण सेवा ( ३०००१८२८६ ) | ३९२५ |
| ३१-०७८।८।२० | बी एण्ड बी कन्स्ट्रक्शन ( ६०५१८३२१८ ) | ५७८१ |
| ३५- ०७८।८।२२ | भगवती कन्स्ट्रक्शन ( ६०५१८३१९९ ) | ९१२५४९ |
| ६४- ०७८।११।२३ | कलाम निर्माण सेवा ( ३००३९३२९७ ) | ११६०८७ |
| ६५- ०७८।१२।३ | कुशवाहा खाद्य विज भण्डार ( ३०३८६७०५७ ) | २१००० |
| ६६- ०७८।१२।३ | कुशवाहा खाद्य विज भण्डार ( ३०३८६७०५७ ) | १८९००० |
| जम्मा रु. | | २५८९४५१ |

</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**विपन्न र वर्गलाई विवाह खर्च अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कुनै पनि पालिकाले आर्थिक सहायता भुक्तानी गर्दा आफ्नो आन्तरिक श्रोतलाई ध्यान दिई आवश्यक कार्यविधि तयार गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको वार्षिक नीति तथा बजेटमा विपन्न र दलित गरिव वर्गका महिलाहरुलाई २० वर्ष पुगेकालाई विवाह खर्च सहयोग गर्ने उल्लेख गरी रु. १५०००० खर्च लेखेको छ । यसरी आर्थिक सहयोग भुक्तानी

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्दा कार्यविधि तयार नगरेको तथा विपन्न र दलित वर्गको समुदायलाई सहयोग वितरण गर्ने कार्यक्रममा विपन्न छुट्याउने कुनै आधार नभएको पाइयो ।साथै विवाह खर्च अधिकांश गैरदलितलाई भुक्तानी गरेको पाइयो ।जसले गर्दा पालिकाले लिएको लक्ष्य प्राप्त हुने देखिएन । अत आगामी दिनमा पालिकाले आर्थिक सहयोग वितरण गर्दा कार्यविधि तयार गरी आन्तरिक आयलाई समेत ध्यान दिई आवश्यकताको आधारमा मात्रै वितरण गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार छन् | |

| भौचर नं. | सहयोग पाउने व्यक्तिको नाम | सहयोग रकम |
|---|---|---|
| ३९४-०७८/११/२६ | अगरजिता मेहता | १०००० |
| ४८९-०७९/१/६ | मानेश्वर मेहता | १०००० |
| ५७८-०७९/३/१२ | फुलो कुमारी मेहता | १०००० |
| ५७८-०७९/३/१२ | भोला यादव | १०००० |
| ५७८-०७९/३/१२ | रिता कुमारी मेहता | १०००० |
| ५८२-०७९/३/१४ | दसरथ यादव | १०००० |
| ५८२-०७९/३/१४ | पिन्टु कुमार यादव | १०००० |
| ५९२-०७९/३/१६ | रुवी कुमारी यादव | १०००० |
| ६१४-०७९/३/२० | प्रिंयका चौधरी | १०००० |
| ६२८-०७९/३/२१ | रिंकु कुमारी यादव | १०००० |
| ६३५-०७९/३/२१ | फुलेश्वरी महतो | १०००० |
| ६५७-०७९/३/२३ | अमली देवि यादव | १०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>६७४-०७९/३/२४</td><td>राज कुमार साह</td><td>१००००</td></tr><tr><td colspan="2">जम्मा</td><td>१३००००</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित नगरेको<br><br>निजामती सेवा ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ कर्मचारीको रु. १,५९,७०,१३७ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>विद्यालयको नियमन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को ११३ मा पेश्की सम्बन्धी व्यवस्था छ । पालिकाको म. ले. प. फारम नं. २११ परीक्षण गर्दा देहाय अनुसार चालु वर्षको अन्त्यसम्म पनि फछ्यौंट गर्न बाँकी मोबिलाइजेशन पेश्कीहरु रहेकोले उक्त रकम असुल फछ्यौंट हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भगवती कन्स्ट्रक्सन</td><td>श्री कृष्ण मा वि भवन</td><td>७५७२००</td></tr>
<tr><td>२</td><td>ए एस कन्स्ट्रक्सन</td><td>वडा नं १ को दवु घर दक्षिण पश्चिम सडक</td><td>५४००००</td></tr>
<tr><td>३</td><td>ए एस कन्स्ट्रक्सन</td><td>देवानगंज १ सत्यनारायण मेहता उत्तर सन्तकुमार मेहता भिखो मेहता सडक</td><td>५५५०००</td></tr>
<tr><td>४</td><td>ए एस कन्स्ट्रक्सन</td><td>वडा नं २ को यहिया घर दक्षिण बृजविहारि घर हुदै सडक</td><td>४६५०००</td></tr>
<tr><td>५</td><td>ए एस कन्स्ट्रक्सन</td><td>वडा नं ५ को गणेश प्रा वि देखि उत्तर हुलाकी रोड सम्म बाटो</td><td>१९००००</td></tr>
<tr><td>६</td><td>भगवती कन्स्ट्रक्सन</td><td>गा पा भवन पार्किङ</td><td>१८५०००</td></tr>
<tr><td>७</td><td>भुमि ए एस जेभी</td><td>वडा नं ६ जनता नि मावि पूर्व उत्तर दक्षिण देवानगंज सडक</td><td>१७९३०००</td></tr>
<tr><td>८</td><td>भुमि ए एस जे भी</td><td>वडा नं ४ मा चन्देश्वर मेहताको घर देखि दक्षिण यादव टोल सडक</td><td>१४२९०००</td></tr>
<tr><td>९</td><td>सुन्दर्भ कन्स्ट्रक्सन</td><td>वडा नं १ को नेवालाल यादवको घर देखि पुर्व बोहोरा पक्का धान हुदै वडा नं २ सडक</td><td>३५६९००</td></tr>
<tr><td>१०</td><td>सुन्दर्भ कन्स्ट्रक्सन</td><td>वडा नं १ को नारायण मेहताको घर देखि दक्षिण बाटो</td><td>२२९९००</td></tr>
<tr><td>११</td><td>सुन्दर्भ कन्स्ट्रक्सन</td><td>वडा नं ७ ध्रुव नारायण घर देखि पुर्व विर नारायण घर हुदै सडक</td><td>१२००००</td></tr>
<tr><td>१२</td><td>होदा कन्स्ट्रक्सन</td><td>साविक रा सि ७ अन्त्यर्गत निर्माण भएको आर सि सि दलान बाटो</td><td>१३८०००</td></tr>
<tr><td>१३</td><td>भगवती कन्स्ट्रक्सन</td><td>नमूना विद्यालय</td><td>६९६९११</td></tr>
<tr><td>१४</td><td>भगवती कन्स्ट्रक्सन</td><td>वडा नं १ ४ ६ आधारभुत स्वास्थ्य चौकी घेराबारा</td><td>१३१७४०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१५</td><td>भगवती कन्स्ट्रक्सन</td><td>विद्यालय कक्षाकोठा निर्माण</td><td>२६४०००</td></tr>
<tr><td>१६</td><td>भगवती कन्स्ट्रक्सन</td><td>२ कोठे भवन</td><td>४२७०००</td></tr>
<tr><td>१७</td><td>भगवती कन्स्ट्रक्सन</td><td>गा पा भवन क्यान्टिन</td><td>३२००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८५९८६५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>निजी लगानीका विद्यालयको छात्रवृत्ती<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<table>
<tr><td>विद्यार्थी संख्या</td><td>निःशुल्क शिक्षाका लागि आरक्षण संख्या</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आन्तरिक राजस्वको ठेक्काः</td><td>२,२०२,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक राजस्वअन्तर्गत दैनिक व्यापार तथा कृषिजन्य निकासी कर र मवेशी हाटको ठेक्काका लागि मिति २०७८।३।११ गते दरभाउपत्र पेश गर्ने सूचना प्रकाशन गरेकोमा रीतपूर्वक प्राप्त भएका ठेक्काहरूमध्ये मूल्यांकन समितिबाट सिफारिस भई मिति २०७८।३।२८ गते प्रकाशित ठेक्का स्वीकृत गर्ने आशयको सूचना अनुसार सम्झौता भएका देहायका बोलपत्रदाताले कवोल गरेको राजस्व रकम सम्झौताअनुसार पालिकाको खातामा जम्मा गर्नुपर्दछ । पालिकाले सम्झौता गरे बमोजिमको राजस्व रकम हालसम्म पनि सम्बन्धितबाट राजस्व खातामा दाखिला भएको नदेखिएको हुँदा उक्त रकम असुल हुनुपर्दछ ।<br>
<table>
<tr><th>सि. नं</th><th>बोलपत्रदाताको विवरण</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम रु.</th><th>दाखिला गर्न बाँकी रु.( भ्याट सहित )</th><th>कैं.</th></tr>
<tr><td>१</td><td>सन्तोष यादव, आशिस किराना जनरल स्टोर , देवानगञ्व - २ , सुनसरी</td><td>२०७८।४।७</td><td>१७४१०००</td><td>१७४१०००</td><td></td></tr>
<tr><td>२</td><td>जय प्रकाश पासवान, देवानगञ्ज - ६ , सुनसरी</td><td>२०७८।४।१</td><td>४००५००</td><td>२९५५००</td><td></td></tr>
<tr><td>३</td><td>सितल यादव, देवानगञ्ज - ३ , सुनसरी</td><td>२०७८।४।१</td><td>१६६१००</td><td>१६६१००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा रु.</td><td>२३०७६००</td><td>२२०२६००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मुल्य अभिवृद्धि करः<br><br>मुल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा वस्तु र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको वस्तु तथा सेवा बाहेकका वस्तुमा मु.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट भएको ठेक्का बन्दोबस्ती मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैंन । पालिकाले आन्तरिक राजस्वअन्तर्गत लगाएको देहायका ठेक्काहरुको राजस्व रकम हालसम्म दाखिला भएको छैन । अतः सम्झौता बमोजिमको रकम बोलपत्रदाताबाट पालिका राजस्व खातामा दाखिला भएपछि आय ठेक्कामा भएको सम्झौता रकमको १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><th>क्र. सं .</th><th>ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>१३ प्रतिशत मुल्य</th></tr>
</table></td><td>२६५,४७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td></td><td>रु.</td><td>अभिवृद्धि कर</td></tr><tr><td>१</td><td>सन्तोष यादव, आशिस किराना जनरल स्टोर , देवानगञ्व - २ , सुनसरी</td><td>१७४१०००</td><td>२००२९३</td></tr><tr><td>२</td><td>जय प्रकाश पासवान, देवानगञ्ज - ६ , सुनसरी</td><td>४००५००</td><td>४६०७६</td></tr><tr><td>३</td><td>सितल यादव, देवानगञ्ज - ३ , सुनसरी</td><td>१६६१००</td><td>१९१०९</td></tr><tr><td colspan="2">जम्मा रु.</td><td>२३०७६००</td><td>२६५४७८</td></tr></table> | |
| २८ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. ८५,५०,३४८ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक मुखिया २ र सहायक कम्प्युटर अपरेटर १ जना गरी ३ जना करार नियुक्ति गरी बर्ष भरीमा रु. ९५६५२० भुक्तानी गरेको अनियमित देखिएको रु. | ९५६,५२० |
| २९ | | | **स्वकीय सचिव तथा कानुनी सल्लाहकार**<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) गाउँपालिकाको जनप्रतिनिधिले कानुनी सल्लाहकार तथा स्वकीय सचिव राख्न पाउने कानुनी व्यवस्था उल्लेख छैन । पालिकाले यस वर्ष एक जना (जय प्रकाश मेहता) स्वकीय सचिव र एक जना कानुनी सल्लाहकार (मणिराज दुलाल) नियुक्त गरी तलव भत्ता रु. ७१९९३० खर्च लेखेको छ । पालिकाकले ऐनमा भएको व्यवस्था अनुसार राख्न नपाउने तथा सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरी सोको मुल्याङ्कन समेत नगरी भुक्तानी गरेको खर्च अनियमित देखिएको रु. | ७१९,९३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>महंगी भत्ता<br><br>सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । त्यसैगरी अर्थ मन्त्रालयको २०७९।१।१५ को परिपत्र अनुसार करार कर्मचारीलाई महङ्गी भत्ता नपाउने व्यहोरा जारी गरीएकोमा महानगरपालिकाले कार्यालय अन्तर्गत कार्यरत रहेका करार तर्फका ४ जना कर्मचारी सँग करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता वापत यस वर्ष रु. ९६०००/- खर्च भुक्तानी गरेको छ । यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महंगी भत्ता भुक्तानी दिएको पालिकालाई थप व्ययभार पर्न गएको रु.</td><td>९६,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>प्रदेश नं १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धी अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । जसमा पालिकामा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई अनुगमन भत्ता रु. २४०००० खर्च लेखेकोमा मासिक अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । ऐनको पालना गरी पदाधिकारीलाई सुविधा उपलब्ध गराउनु पर्दछ । साथै देहायका पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता भुक्तानी भएकोमा पालिकाको विभिन्न योजनाको अनुगमन गरे वापत अनुगमन भत्ता भुक्तानी भएको पाइएकोले दोहोरो भुक्तानी भएको भत्ता असूल गरी दाखिला गर्नेपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>पदाधिकारीको पद र नाम</th><th>अनुगमन दिन</th><th>भत्ताको दर</th><th>खुद भत्ता भुक्तानी</th></tr>
<tr><td rowspan="2">३९-०७८/६/१९</td><td>उपाध्यक्ष श्री पुनितादेवि यादव</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>वडा नं २ अध्यक्ष श्री मजलुम मियाँ</td><td>१</td><td>१५००</td><td>१२७५</td></tr>
</table></td><td>२२२,२७५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं ७ अध्यक्ष श्री बद्री प्रसाद यादव | १ | १५०० | १२७५ |
| ८५-०७८/६/२५ | उपाध्यक्ष श्री पुनितादेवि यादव | ८४ | १००० | ७१४०० |
| ४१४-०७८/१२/७ | उपाध्यक्ष श्री कुमारी बिभा यादव | १० | १००० | ८५०० |
| ६२२-०७९/३/२० | वडा नं २ अध्यक्ष श्री मजलुम मियाँ | ४८ | १००० | ४०८०० |
| ६९१-०७९/३/२४ | वडा अध्यक्ष श्री सुर्य नारायण पाल | ६ | १००० | ५१०० |
| | वडा अध्य श्री अनिल कुमार भगत | १४ | १००० | ११९०० |
| | वडा अध्यक्ष श्री चन्द्रेश्वर प्रसाद मेहता | ८ | १००० | ६८०० |
| | वडा अध्यक्ष श्री अशोक कुमार यादव | ४ | १००० | ३४०० |
| | वडा अध्यक्ष श्री देव नारायण मेहता | ३ | १००० | २५५० |
| | वडा अध्यक्ष श्री बद्री प्रसाद यादव | ९ | १००० | ७६५० |
| | वडा अध्यक्ष श्री जग नारायण मेहता | १ | १००० | ८५० |
| | वडा अध्यक्ष श्री सुशिल कुमार मेहता | २ | १००० | १७०० |
| | वडा अध्यक्ष श्री मनोज कुमार मण्डल | २ | १००० | १७०० |
| | का पा सदस्य श्री रुणा देवि दास | १० | १००० | ८५०० |
| | का पा सदस्य श्री महानन्द पाल | ४८ | १००० | ४०८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>का पा सदस्य श्री नरेश शर्मा</td><td>८</td><td>१०००</td><td>६८००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२२२७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
पदाधिकारी चाडपर्व खर्च<br><br>
प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) मा स्थानीय तहका गाउँपालिकाका जनप्रतिनिधीलाई पालिकाको आन्तरिक आयको आधारमा बढीमा दश हजार सम्म चाडपर्व खर्च उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकालमा रहेका देहायका जनप्रतिनिधिहरुलाई चाडपर्व खर्च ऐनमा तोकिए भन्दा बढी चाडपर्व खर्च भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>पदाधिकारीको नाम</th><th>भुक्तानी भएको रकम</th><th>खुद बढी भुक्तानी</th></tr>
<tr><td rowspan="8">३११-०७८/१०/१७</td><td>अध्यक्ष श्री लाली प्रसाद मेहता</td><td>२४०००</td><td>१०२००</td></tr>
<tr><td>उपाध्यक्ष श्री पुनिता देवि यादव</td><td>२००००</td><td>८०००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री सूर्य नारायण पाल</td><td>१२०००</td><td>१७००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री मजलुम मियाँ</td><td>१२०००</td><td>१७००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री अनिल कुमार भगत</td><td>१२०००</td><td>१७००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री चन्द्रेश्वर प्रसाद मेहता</td><td>१२०००</td><td>१७००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री अशोक यादव</td><td>१२०००</td><td>१७००</td></tr>
<tr><td>वडा अध्यक्ष श्री देव नारायण मेहता</td><td>१२०००</td><td>१७००</td></tr>
</table>
</td><td>३०,१००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | <table><tr><td></td><td>वडा सदस्य श्री बद्री प्रसाद यादव</td><td>१२०००</td><td>१७००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३०१००</td></tr></table> | |
| ३३ | | | **मसलन्द तथा कार्यालय सामाग्री खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री रु. २१,६३,४२२ को खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक खरिद गरी टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३४ | | | **इन्धन खर्चको मापदण्ड**<br><br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी प्रयोजन) मा रु. २३६३४३६ खर्च गरेको छ । साथै पलिकाले ७ वटै वडाहरुमा समेत इन्धन खर्च शीर्षकमा विनियोजन गरी इन्धन खर्च लेखेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३५ | | | **धार्मिक कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने, कम लागतमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सो ऐनले तोकेका शर्तभन्दा फरक धार्मिक योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्नेतर्फ दिनुपर्ने देखिन्छ । केही उदाहरणः
<table>
<tr><th>गो. भौ .नं .</th><th>भुक्तानि प्राप्त गर्न व्यक्तिको/ संस्थाको नाम</th><th>रकम रु</th></tr>
<tr><td>२२७-०७८।९।२३</td><td>काली पूजा २०७८ कार्यक्रम समिति</td><td>१७००००</td></tr>
<tr><td>२४१-०७८।९।२६</td><td>काली मन्दिर पूजा</td><td>९५०००</td></tr>
<tr><td>२५६-०७८।९।२९</td><td>श्री श्री १०८ श्री बैष्णवी कालि मन्दिर</td><td>१०००००</td></tr>
<tr><td>३२८-०७८।१०।२५</td><td>दुर्गा पूजा तथा दशैं मेला व्यवस्थापन समिति</td><td>१३५०००</td></tr>
<tr><td>३५०-०७८।११।८</td><td>दुर्गा पुजा समिति</td><td>६००००</td></tr>
<tr><td>४४९-०७८।१२।२२</td><td>दुर्गा मन्दिर व्यवस्थापन समिति</td><td>१६००००</td></tr>
<tr><td>७००-०७९।३।२५</td><td>चैती पूजापाठ</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७७००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>वितरण भरपाई<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका सामाग्री खरिद गरेकोमा सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेश नभएकोले वितरण गरी सोको भरपाई पेश गर्नुपर्ने रु.</td><td>६९४,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>भौचर नं र मिति</th><th>बजेट शीर्षक</th><th>सामानको नाम</th><th>खरिद गरिएको फर्म</th><th>रकम</th></tr>
<tr><td>१</td><td>५४५-०७९/२/३१</td><td>अपाङ्गता सम्बन्धी कार्यक्रम</td><td>ट्रि साइकल</td><td>अंकुर डाइगोनेष्टिक एण्ड सर्जिकल सेन्टर</td><td>४९८४००</td></tr>
<tr><td>२</td><td>६९७-०७९/३/२५</td><td>वडा नं २ को ट्युवेल खरिद कार्य</td><td>ट्युवेल खरिद</td><td>आमिर ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१९६०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६९४४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>जिन्सी दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा सरकारी कार्यालयले चालू आर्थिक वर्षमा खरिद गरेको सामानको परिमाण र मुल्य समेत खुलाई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । पालिकाले सुनकोशी फर्निचर हाउसबाट रु. ६६५६४ बराबरको फर्निचर खरिद गरी खर्च लेखेको छ । खरिद गरिएको फर्निचरको नियमानुसार खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश नभएकोले खरिद आदेश तथा दाखिलाको कागजात पेश हुनुपर्ने रु.</td><td>६६,५६४</td></tr>
<tr><td>३८</td><td>२७ स्वास्थ्य चालु</td><td>२०७९-३-२४</td><td>ल्याब सामान खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिद गर्नु अघि लागत अनुमान बनाउनुपर्ने र लागत अनुमानको आधारमा आवश्यक खरिद कार्य गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले आवश्यक ल्याब सामाग्रीहरु लागत अनुमान नै नबनाई सोझै खरिद गरी दिव्यांसी सप्लायर्सलाई रु. ७८६६६९ भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.</td><td>७८६,६६९</td></tr>
<tr><td>३९</td><td>२०७</td><td>२०७९-</td><td>शैक्षिक गुणस्तर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | ३-२४ | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण कार्यक्रममा शिक्षक दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान रु. १० लाखका दरले वितरण गर्ने उल्लेख छ । जसमा विद्यालयलाई अनुदान वितरण गर्दा विद्यालयको कार्ययोजना तथा प्रस्तावना अनुसार २ जना शिक्षक, १ जना कर्मचारी र १ जना बालविकास सहायक नियुक्ती गरी पठन पाठनलाई निरन्तरता दिनुपर्ने व्यवस्था व्यवस्था गरेको छ । सोही व्यवस्था बमोजिम पालिकामा रहेका सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी नरहेका ६ वटा विद्यालयहरुलाई ६०००००० अनुदान वितरण गरेको पाइयो । विद्यालयको प्रस्ताव अनुसार ५ वटा विद्यायले आंशिक शीर्षक नियुक्ती गरेको पालिकाले जनाएको छ । सो सम्बन्धमा पालिकाले अनुगमन गरी भुक्तानी भएको अनुदानको सदुपयोग भए नभएको बारेमा यकिन गर्नुपर्दछ । पालिकाले गणेश आधारभूत विद्यालय, देवानगंज ५ लाई अनुदान वितरण भएकोमा प्रस्ताव अनुसार शिक्षक तथा कर्मचारी नियुक्ती नगरेको पालिकाले जानकारी दिएकोले निकासा भएको अनुदान विद्यालयबाट फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ४० | ४६ | २०७८-९-२९ | **प्राविधिकधार सञ्चालन विद्यालयलाई अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री अनुदान अन्तर्गत प्राविधिकधारको विद्यालय सञ्चालन भएको विद्यालयलाई शिक्षण सामाग्री तथा (Lab Assistant, Equipments and Practical materials, OJT, Operation cost) का लागि प्रति विद्यार्थी वार्षिक रु. १५००० दरले अनुदान निकासा दिने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्राविधिकधारको विद्यालय सञ्चालन भएको अमर सिंह माध्यमिक विद्यालयलाई रु. २४००००० अनुदान भुक्तानी भएको छ । निर्देशिका अनुसार विद्यालयलाई निकासा भएको अनुदानको खर्च सम्बन्धी विवरण तथा प्रमाण कागजात पेश नभएकोले खर्च भएको भए सोको कागजात तथा प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु. | २,४००,००० |
| ४१ | | | **दिवा खाजा**<br><br>कार्याक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ३० सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. ५७,४५,०३० निकासा भएकोमा IEMIS को तथ्यांक अध्यावधिक गरी विद्यार्थी संख्या यकिन नगरेको तथा खाजाको मेनु तयार नगरी अधिकांश विद्यालयले नगदै वितरण गरेको भरपाई पेश गरेको तथा पालिकाले अनुगमन गरेको पाइएन । साथै दिवा खाजा वापतको रकम अधिकांश विद्यालयहरुले नगदै भुक्तानी गरेको पाइयोजसले गर्दा कार्यान्वयन पुस्तिकाको पालना भएको नपाइएकोले दिवा खाजा कार्यक्रममा निकासा भएको अनुसारको खर्च यकिन गर्न सकिएन । पालिकाले आगामी दिनमा पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| ४२ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्याको आधारमा तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।<br><br>विद्यालय संख्या: २७; शिक्षक दरबन्दी: १४०; पदपूर्ति: १२५; पदपूर्ति मध्ये करार: ७३; विद्यार्थी संख्या: ६०७३<br><br>पालिकाको कुल दरबन्दीमा ५२ प्रतिशत दरबन्दी करारबाट भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । साथै, उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ४३ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । | |

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| २७ | १४० | १२५ | ७३ | ६०७३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | २०७ | २०७९-३-२४ | **शिक्षण सहयोग अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३. ४० र ४१ मा सामुदायिक विद्यालय माध्यमिक तथा आधारभूत तहको कक्षाका लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका गणित, अङग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाई अनुदान भुक्तानी गर्ने व्यवस्था छ । निर्देशिका अनुसार विद्यालयले शिक्षक नियुक्ती गरी पठनपाठन गर्ने र नियुक्ती भएको समयको शिक्षकको तलबको लागि अनुदान उपलब्ध गराउनु पर्ने उल्लेख भएकोमा पालिकाले श्री माध्यमिक विद्यालय देवानगंज ३ लाई अनुदान रु ३६६६०० भुक्तानी गरेकोमा विद्यालयले शिक्षक नियुक्ती गरेको नपाइएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ३६६,६०० |
| ४४ | | | **शैक्षिक प्रतिवेदन**<br><br>अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानुनमा व्यवस्था भए वमोजिम प्रतिवेदन पेश गरेको देखिएन । आगामी दिनमा कानुन अनुसारको प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ४५ | | | **बुक कर्नर**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.३ मा सामुदायिक विद्यालयमा (कक्षा १ देखि ५ सम्म) शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापन प्रति विद्यार्थी रु. १५० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार यस वर्ष पालिकामा रहेका २२ वटा प्राथमिक विद्यालयहरुलाई शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु. ९१७२०० अनुदान वितरण गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरी बुक कर्नर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण गर्नुपर्नेमा शिक्षण सामाग्री मात्रै खरिद गरेको पाइयो। आगामी दिनमा नियमको पालना गरी खर्च लेख्नु पर्दछ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयहरुले शिक्षण सिकाई सामाग्री मात्रै खरिद गरी बुक कर्नर निर्माण गर्नुपर्नेमा शिक्षण सामाग्री मात्रै खरिद गरेको पाइयो । पालिकाले आगामी दिनमा कानुनको पालना गरी खर्च लेख्नुपर्दछ । | |
| ४६ | | | **परम्परागत धार्मिक विद्यालय अनुदान**<br><br>अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलि आएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिका क्षेत्रभित्र संचालन भएका रहेका ३ धार्मिक विद्यालयलाई अनुदान रु १५,८२,००० प्रदान गरेको भएता पनि दर्ता सम्बन्धी अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन । | |
| ४७ | १९९ | २०७९-३-२४ | **सेनेटरी प्याड खरिद**<br><br>सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकार मार्फत सःशर्ततर्फ स्थानीय तहलाई बजेट विनियोजन भएको छ । सो कार्यलाई व्यवस्थित गर्न सेनिटरी प्याड व्यवस्थापन रणनीनि, २०७६ जारी गरेको छ । स्थानीय तहबाट खरिद गरिने सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । पालिकाले यस वर्ष सेनिटरी प्याड वितरण तथा व्यवस्थापनका लागि प्राप्त बजेटबाट रु. १२४१७८१ को सेनिटरी प्याड मेडी इन्टरप्राइजेज प्रालिबाट १६७८० थान खरिद गरेको छ । उक्त सेनिटरी प्याड सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्नेमा नगरी पालिकाले आर्थिक वर्षको अन्त्यमा खरिद गरेको पाइयो । सेनिटरी प्याड समयमा खरिद गरी वर्षभरी वितरण गर्नु कार्यक्रमको उद्देश्य भएकोमा पालिकाले खरिद गरेको प्याड बर्षान्तमा ३३१२ थान वितरण गरी १३४६८ थान विद्यालयलाई वितरण नगरी पालिकाको भण्डारमा नै रहेको पाइयो । अतः आगामी समयमा विद्यार्थी संख्या यकिन गरी आवश्यकताको आधारमा समयमै उपलब्ध गराई छात्राहरुलाई हस्तान्तरण हुनुपर्दछ । बजेट फ्रिज हुन नदिने उद्देश्य राखी आर्थिक वर्षको अन्त्यमा खरिदका लागि खरिद गर्ने कार्यलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निरुत्साहित गरिनुपर्दछ । साथै वितरण हुन बाँकी रहेको सेनेटरी प्याड वितरण गरी सोको प्रमाण पालिकाले राख्नु पर्दछ । | |
| ४८ | | | **विज्ञापन खर्चमा बढी भुक्तानी**<br><br>अभियान ब्रोडकास्टिङ्ग नेटवर्क प्रा.लि.(६०९७९२४०१) लाई विभिन्न मितिमा विज्ञापन प्रशारण गरे बापत देहायका बिजक नं. बाट पेश भएको बिल बापतको रकम भुक्तानी दिदाँ बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु. | ६,४८३ |
| ४९ | | | **स्वास्थ्य कार्यक्रम तर्फ** | |
| ४९.१ | | | **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख | |

| भौ.नं./मिति | बिजक नं. मिति | मु.अ.क.बाहेको मुल्य | मु.अ.क.सहितको भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १७४-०७९।३।२१ | २८-०७९।३।२० | ६८२४५ | ७७११७ | ८०००० | २८८३ |
| २०६-०७९।३।२४ | २९-०७९।३।२१ | ८५३१० | ९६४०० | १००००० | ३६०० |
| | जम्मा | | | | ६४८३ |

| क्रम | भौचर नम्बर | भौच र मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यसवर्ष पालिकाले संघीय सःशर्त बजेट उप शीर्षकबाट औषधि र उपकरण खरिद गर्न जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले कायम गरेको MRP दरलाई आधारमानी ६० प्रकारका औषधि खरिदका लागि रु.१४,९९,९३८।– लागत अनुमान बनाई विद्युतीय बोलपत्रको माध्यमबाट सबैभन्दा कम कवोल गर्ने भारद्वज औषधालय (३०११४८६२५) बाट औषधि खरिद गरी रु.७,९५,४५९।- भुक्तानी दिएको छ ।<br>पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएका औषधि तथा औषधिजन्य सामग्रीको बिल ताथा जिन्सी दाखिला प्रतिवेदनमा म्याद सकिने मिति उल्लेख नभएको तथा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ४९.२ | | | **सिधै औषधि खरिदः** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान तयार नगरी सप्लायर्ससँग सोझै खरिद वा हाते कोटेशन लिई यस वर्ष रु.१४,९४,१२९।- को औषधि खरिद गरेको छ । खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएका हुन्, नखोल्नुको अतिरिक्त औषधि डब्लु.एच.ओ. बाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने र निःशुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन, साथै औषधि खरिद गर्न खरिद योजना नबनाएको, माग फाराम नभरेको र सुविधाका आधारमा खरिद गरेको देखिन्छ । नियममा व्यवस्था भए बमोजिमको प्रकृया पुऱ्याई पालिकालाई थप व्ययभार नपर्ने र मितव्ययी कायम हुने गरी औषधि खरिद गरिनु पर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।<br><table><tr><td>भौ.नं./मिति</td><td>औषधि आपूर्तकको नाम</td><td>लागत अनुमान</td><td>औषधि खरिद र भुक्तानी रकम</td></tr><tr><td>१८-०७८।७।७</td><td>शिव आयुर्वेद फर्मा (६०६६६७६८५)</td><td>०</td><td>३९९४४०</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौच र मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८९-०७८।१२।१८</td><td>रविन आयुर्वेदिक पसल (३०२०६११०९)</td><td>०</td><td>२२४६४५</td></tr>
<tr><td>१३३-०७९।३।३</td><td>शिव आयुर्वेद फर्मा (६०६६६७६८५)</td><td>०</td><td>१९९९२५</td></tr>
<tr><td>१७५-०७९।३।२१</td><td>भारद्वज औषधालय (३०११४८६२५)</td><td>०</td><td>६७०११९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४९४१२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सःशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत एक(कसानगञ्ज स्वास्थ्य चौकी) वटा बर्थिङ सेन्टरको लागि यस आ.व.मा न्यानो झोला खरिद नगरेको भए पनि गत वर्ष १११ थान खरिद गरेको र अघिल्लो आर्थिक वर्षमा बाँकी रहेको ५ थान समेत ११६ रहेकोमध्ये गत वर्ष ३३ जना र यस वर्ष ४८ जना र गरी ८१ मात्र प्रसुति भएको आमाहरुलाई ८१ थान न्यानो झोला बितरण गरेको भरपाई र अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा विगत आर्थिक वर्षमा खरिद गरिएको मध्ये ३५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td></td><td></td><td>औषधि भण्डार परीक्षणः प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>सर्जिकल सामानहरुमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि” भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । सार्वजनिक लेखा समितिले निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्वन्धमा कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । मिति २०७९।९।१३ मा पालिकाको औषधि भण्डार परीक्षण गर्दा केही औषधिमा निःशुल्क वितरणको लोगो भएको देखिएन । नेपाली भाषामा सर्वसाधारणले बुझ्ने गरी उक्त लोगो लगाउनु पर्नेमा not for sale / Institutional supply only /For supply भनि अंग्रेजिमा लेखेको पाईयो । निःशुल्कको लोगो नलगाएको केहि औषधि निम्नानुसार छन् । तोकिए अनुसार लोगो नलगाउनु मनासिब देखिएन । यस तर्फ पालिकाको ध्यान जान जरुरी छ ।<br>
<table>
<tr><th>क्र.सं.</th><th>औषधिको नाम</th><th>विवरण</th></tr>
<tr><td>1.</td><td>Paracetamol tab 500 mg</td><td>Price Rs. 10 per 10 tab</td></tr>
<tr><td>2.</td><td>Clotrimazole 10 g</td><td>supply only</td></tr>
<tr><td>3.</td><td>Oral Rehydration Salts</td><td>For supply</td></tr>
<tr><td>4.</td><td>Zink Suphet 20mg</td><td>For supply</td></tr>
<tr><td>5.</td><td>Albendazole 400mg</td><td>Institutional supply</td></tr>
<tr><td>6.</td><td>Amoxycillin 250mg</td><td>Institutional supply</td></tr>
<tr><td>7.</td><td>Vitamin B Complex</td><td>Not for sale</td></tr>
</table></td><td></td></tr>
- पालिकाले तयार गरेको फरवार्ड फिडमा बैंकलाई निकासा दिएको रकम प्रत्येक त्रैमासिकमा हिसाब गरी बितरण हुन बाँकी रहेको फिर्ता हुनुपर्ने रकम नघटाउने तर बैंकमा पठाउने रकम मात्र घटाउने गरेकोले फरवार्ड फिड अनुसार निकासा बढी देखिन गएको देखिए पनि यस आ.व.को खुद निकासा रकम रु. रु.९,१०,४४,९४८।– रहेको छ ।
- पालिकाले यस आ.व.मा सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि बैंकहरुलाई निकासा दिएको रकम, बैंकबाट बितरण भएको रकम र बैंकबाट रु.१,८०,८६७।६३ फिर्ता भएको विवरण देहाय बमोजिम रहेका छन्

| बैंक | निकासा रकम | बितरण रकम | बाँकी रकम | मृतकबाट कट्टा गरी फिर्ता हुनु पर्ने भनी | हिसाब मिलान गरी बैंकबाट खुद फिर्ता |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th>बैंले औल्याएको रकम</th><th>भएको रकम</th></tr>
<tr><td>एन. आई . सी . एसिया</td><td>२२०५ २३३०</td><td>२२०४ ७०९६</td><td>५२३४</td><td>६६२४५।५१</td><td>७१४७९।५१</td></tr>
<tr><td>प्राइम कमर्सियल</td><td>४२६२ ००७१</td><td>४२६४ ५७७१</td><td>-२५७००</td><td>११०२६९</td><td>८४५६९</td></tr>
<tr><td>नेपाल इन्भष्टमेण्ट</td><td>२६३७ २५४७</td><td>२६३८ ७९११</td><td>-१५३६४</td><td>४०१८३।१२</td><td>२४८१९।१२</td></tr>
<tr><td>जम्मा</td><td>९१०४ ४९४८</td><td>९१०८ ०७७८</td><td>-३५८३०</td><td>२१६६९७।६३</td><td>१८०८६७।६३</td></tr>
</table>
<ul><li>पालिकाले तयार गरेको फरवार्ड फिड अनुसार चौथो त्रैमासिकमा रु.२,२९,६४,५२७।- निकासा दिनु पर्ने देखिएकोमा अघिल्ला त्रैमासिकमा बितरण गरी एन.आई.सी. एसिया बैंककमा बाँकी रहेको रु.१३,९९५।-, प्राइम कमर्सियल बैंककमा बाँकी रहेको रु.३,८५,१७१।– र नेपाल इन्भष्टमेण्ट बैंककमा बाँकी रहेको रु.१,०६,२१६।– गरी जम्मा रु.५,०५,३८२।-बाँकी रहेको रकम घटाई रु.२,२४,५९,१४५।- निकासा दिएकोमा बितरण रु.२,२९,२८,९५८।–गरेको देखिएको छ । बितरण गरी बाँकी रहेको रकम बैंकले पालिकालाई फिर्ता नगरी पुनः सोही रकममा थप निकासा समावेश गरी बितरण गर्ने गरेको पाइयो । यसबाट निकासा भन्दा बितरण बढी भएको जस्तो देखिएता पनि वास्तवमा बढी बितरण नभएको पालिकाले जनाएको छ ।</li></ul>
</td><td></td></tr>
<tr><td>७३.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम.आई.एस. लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं. ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसँग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३.३</td><td></td><td></td><td>
<ul><li>मृत्यु भएका व्यक्तिको भत्ता निकासाः सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तीको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था छ । यस पालिकाको सातवटा वडाहरुमध्ये वडा नं.२ लाई नमूनाको रुपमा परीक्षण गर्दा देहायका व्यक्तिको मृत्युपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता फिर्ता भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.</li></ul>
<table>
<tr><th>क्र.सं.</th><th>लाभग्राहीको नाम</th><th>नागरिकता नं.</th><th>मृत्यु भएको मिति</th><th>मृत्युदर्ता पछि जम्मा भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सुदनी देवी खत्वे(जे.ना.)</td><td>1065692066</td><td>२०७८।४।८</td><td>१०,९३३।-</td><td>पहिलो त्रैमासिकमा 18401480PD खातामा जम्मा भएको रु.१२,०००।– मध्ये नियमानुसार पाउने रु.१,०६७।– कट्टागरी फिर्ता हुनपर्ने</td></tr>
<tr><td>२</td><td>सखिचन यादव(जे.ना.)</td><td>६५२</td><td>२०७८।६।३०</td><td>१२०००</td><td>दोस्रो त्रैमासिकमा 18400947PD खातामा जम्मा भएको रु.१२,०००।–फिर्ता हुनपर्ने</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२२९३३</td><td></td></tr>
</table>
<ul><li>वडा नं. २ को रिभर्स फिड परीक्षण गर्दा बुबा, आमा, बाजेको नाम उल्लेख नभएका र भत्ता पाउने देहायका व्यक्तिगत आईडी नम्बर भएका लाभग्राहीहरु स्वयंको समेत नाम उल्लेख नभएको अवस्थामा पनि पालिकाबाट सामाजिक सुरक्षा भत्ता निकासा गरेको र बैंकबाट बितरण गरेको पाइयो । लाभग्राहीको सम्पूर्ण विवरण नभरी भुक्तानी भएका सम्बन्धमा पालिकाबाट यकिन गरी तल उल्लेखित विवरण प्रमाणित हुने लाभग्राहीहरुको नाम सहितको प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा संघीय सञ्चित कोष दाखिला</li></ul>
</td><td>२१४,९३३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनुपर्ने रु. | |

| Personal ID | Member Id | Citizenship number | Account Number | Deposited Amount |
|---|---|---|---|---|
| 2.00502E+12 | 10-106-00001026270 | 1310।  3755 को सु | 18401364PD | ४८००० |
| 2.00202E+12 | 10-106-00005976465 | 71 | 18400896PD | ४८००० |
| 2.00402E+12 | 10-106-00005372891 | 2780।  1023 | 18401459PD | ४८००० |
| 2.00401E+12 | 10-106-00006624096 | 1986।  1256 क | 18401035PD | ४८००० |
| | जम्मा | | | १९२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.४ | | | **एम.आई.एस विवरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमूना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नाम, नागरिकता प्रमाण पत्र नं. नभएको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, भत्ता नपाउने व्यक्तिलाई भत्ता वितरण हुनसक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| ७३.५ | | | **निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आ.व.मा ३(तीन) वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्क्रिय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |
| ७४ | ४१२ | २०७८-१२-७ | **विपन्न परिवारलाई ग्यास सिलिण्डर र चुल्हा वितरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि पालिकाले खर्च गर्दा कार्यविधि तथा मापदण्ड तयार गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाको वार्षिक कार्यक्रममा विन्नन परिवारलाई ग्यास सिलिण्डर चुल्हा वितरण गर्ने गरी वडा नं. ३ र ५ मा बजेट विनियोजन गरी रु. ३००३३३५ खर्च लेखेको छ । जसमा वितरण गर्ने सम्बन्धी कार्यविति वा मापदण्ड तयार नगरी ॐ मनिष सम्लायर्सबाट ग्यास तथा चुल्हा खरिद गरी वडा नं. ३ मा १८५ थान, वडा नं ५ मा ४४३ थान वितरण गरेको पाइयो । जसले गर्दा विपन्न परिवारले नै पाएको हो भनी यकिन हुन सकिएन । अतः आगामी समयमा वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा स्पष्ट कार्यविधि तयार गरी खर्चमा मितव्ययिता हुने गरी गर्नुपर्दछ । साथै वडा नं ५ को लागि ४४३ थान ग्यास सिलिण्डर ॐ मनिष सम्लायर्सबाट खरिद गरी रु. १८४१४८८ भुक्तानी भएकोमा वितरण गरेको भरपाई पेश नभएकोले वितरणको भरपाई पेश हुनुपर्ने रु. | १,८४१,४८८ |
| ७५ | | | **अन्य कार्यालयको खर्च**<br><br>स्थानीय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ । सार्वजनिक कार्यालयको इन्धन, सवारी साधन मर्मत वापत खर्च गर्न सोही कार्यालयबाट वजेट व्यवस्था हुने र सोही कार्यालयबाट नियमानुसार खर्च गर्ने गर्दछ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष निम्न अन्य सार्वजनिक कार्यालयहरुको खर्च लेखेको छ । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने र खर्चमा मितव्ययिता नहुने देखिन्छ । आगामी दिनमा पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| भौ.नं./मिति | कार्यालयको नाम | खर्चको विवरण | रकम |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>७५-०७८।६।२४</td><td>इलाका प्रहरी कार्यालय देवानगंज</td><td>विविध खर्च</td><td>१५०००</td></tr><tr><td>२४२-०७८।९।२६</td><td>सीमा प्रहरी चौकी साहेवगंज</td><td>सवारी साधन मर्मत</td><td>१००००</td></tr><tr><td>४९८-०७९।१।८</td><td>सशस्त्र प्रहरी बल नेपाल विओपि कप्तानगंज</td><td>सवारी साधन मर्मत</td><td>३००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>५५०००</td></tr></table> | |
| ७६ | ३५ | २०७८-६-१८ | **दुर्गामाताको मन्दिरमा प्रतिमा खरिद**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेमा व्यहोर्नु पर्ने उचित कारण र आधार भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकामा नयाँ निर्माणाधिन दुर्गामाताको मन्दिरमा कलस यात्रा तथा दुर्गामाताको मूर्ति खरिद कार्यको लागि श्री दुर्गामाता पूजा सांस्कृतिक तथा कलस यात्रा कार्यक्रम उपभोक्ता समूह ४ गठन गरी रु. १०५१००० खर्च लेखेको छ । उपभोक्ता समितिलाई खर्च भुक्तानी गर्दा कलस यात्राको शीर्षकमा रु. ६५१००० र दुर्गामाताको मूर्ति खरिदमा रु. ४००००० भएको छ । समितिले दुर्गामाताको मूर्ति खरिद गरेको विल भरपाई तथा मूर्तिको फोटो लगायतका कुनै पनि कागजात पेश नभएको तर अन्य खर्चको बिलभरपाई पेश गरेको हुँदा उक्त मूर्ति खरिदको रकम अनियमित देखिएको रु. | ४००,००० |
| ७७ | | | **परामर्श खर्च**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरु योजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्नु उपयुक्त देखिएन । डी.पी.आर. तथा सर्भे कार्य गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पर्दछ।<br><br>भौ.नं./मिति \| कार्य विवरण \| परामर्शदाताको नाम \| खर्च<br>१८६-०७८।८।२३ \| पालिकाको बसपार्क तथा कृषि मार्टको आईई \| मुन्धुम इन्भारमेन्ट कन्सल्टेन्सी \| ४९४९४०<br>५२९-०७९।२।१२ \| आर्थिक वर्ष २०७७।७८ को सामाजिक परीक्षण \| मकालु मिडिया रिसर्च एकेडेमी \| ४९७२००<br>जम्मा \| ९९२१४० | |
| ७८ | | | **ब्रोडकाष्टिङ सर्टिफिकेट**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कार्यालयले सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकार प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राखु पर्ने व्यवस्था छ । यस आर्थिक वर्ष पालिकाले देहायका विभिन्न सूचना तथा लोक कल्याणकारी कार्यक्रम प्रशारण गर्न देहायका मिडियाहरुलाई खर्च लेखेको छ । पालिकाले सूचना तथा लोक कल्याणकारी कार्यक्रम प्रशारण वापत मिडियालाई भुक्तानी दिंदा कार्यक्रम प्रशारण सम्बन्धी ब्रोडकाष्टिङ सर्टिफिकेट पेश हुनु पर्नेमा नभएकोले सो कागजात पेश गर्नुपर्ने रु.<br><br>भौचर नं. \| प्रशारण गर्ने मिडीयाको नाम \| प्रशारण भएको कार्यक्रमको नाम \| भुक्तानी रकम<br>३६६-०७८।११।१५ \| जनसेवा मिडिया प्रालि एडभान्स एफ एम \| पालिकाको विभिन्न सूचना तथा लोक कल्याण कारी कार्यक्रम प्रशारण \| ६००००<br>६२०-०७९।३।२० \| अभियान ब्रोकास्टिङ्ग नेटवर्क दर्शन एफ एम \| पालिकाको विभिन्न सूचना तथा लोक कल्याण कारी कार्यक्रम प्रशारण \| १४९०००<br>६७२-०७९।३।२४ \| नागरिक मिडिया प्रालि नागरिक \| पालिकाको विभिन्न सूचना तथा लोक कल्याण \| १०८४८० | ६७६,८२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>एफ एम</td><td>कारी कार्यक्रम प्रशारण</td><td></td></tr>
<tr><td>६३१-०७९।३।२१</td><td>जनसेवा मिडिया प्रालि एडभान्स एफ एम</td><td></td><td>६५५४०</td></tr>
<tr><td>६८५-०७९।३।२४</td><td>नागरिक मिडिया प्रालि नागरिक एफ एम</td><td>वडा नं ६ को वडास्तरीय सेरोफेरो कार्यक्रम</td><td>२९३८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६७६८२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>
इन्टरनेट जडान<br><br>
कार्याक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.१० मा सामुदायिक विद्यालयमा इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रु. १२००० का दरले अनुदान निकास गर्ने उल्लेख छ । विद्यालयलाई निकासा भएको अनुदानबाट विद्यालयमा इन्टरनेट जडान गरी खर्च लेख्नुपर्ने व्यवस्था अनुसार पालिकामा रहेका २३ वटा सामुदायिक विद्यालयलाई इन्टरनेट अनुदान रु. २७६००० भुक्तानी भएको छ । निर्देशका अनुसार निकासा भएको देहायका विद्यालयले इन्टरनेट जडान गरेको विल भरपाई पेश नगरेको पाइएकोले सोको विल भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क. सं .</th><th>विद्यालयको नाम</th><th>अनुदान निकासा</th></tr>
<tr><td>१</td><td>श्री शारदा आ. वि . देवानगंज १</td><td>१२०००</td></tr>
<tr><td>२</td><td>श्री राजाजी आ. वि . देवानगंज १</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>श्री पशुपति शिक्षा मन्दिर देवानगंज १</td><td>१२०००</td></tr>
<tr><td>४</td><td>श्री रामजानकी आ. वि . देवानगंज २</td><td>१२०००</td></tr>
</table>
</td><td>१३२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>श्री शिव दलित आ. वि . देवानगंज २</td><td>१२०००</td></tr>
<tr><td>६</td><td>श्री अमरसिंह मा. वि . देवानगंज ५</td><td>१२०००</td></tr>
<tr><td>७</td><td>श्री आ. वि . देवानगंज ५</td><td>१२०००</td></tr>
<tr><td>८</td><td>श्री गणेश आ. वि . देवानगंझ ५</td><td>१२०००</td></tr>
<tr><td>९</td><td>श्री जनता आ. वि . देवानगंज ६</td><td>१२०००</td></tr>
<tr><td>१०</td><td>श्री आ. वि . पक्कीटोल देवानगंज ७</td><td>१२०००</td></tr>
<tr><td>११</td><td>श्री जनप्रिय आ. वि . देवानगंज ७</td><td>१२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>
फरक शीर्षकमा खर्च<br><br>
पालिकाले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी सम्बन्धित शीर्षकमा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष नीति तथा कार्यक्रममा समावेश गरेको चालुतर्फको खर्च गर्दा फरक शीर्षक पारी खर्च गरेको पाइयो । जसले गर्दा पालिकाको वार्षिक नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्त नहुने तथा खर्चमा मितव्ययिता नहुने र पालिकाको व्ययभार बढ्न जाने देखिन्छ । अतः पालिकाले खर्च गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको सम्बन्धित खर्च शीर्षकमा खर्च गरी मितव्ययिता अनपाउनु पर्दछ । पालिकाले भुक्तानी गरेका भौचरहरूको नमूना छनौट गरी परीक्षण गर्दा देहायका फरक खर्च शीर्षकमा गरिएको खर्च अनियमित देखिएको रु
<table>
<tr><th>भौचर नं</th><th>विनियोजन भएको शीर्षक</th><th>खर्च भएको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>४९२-</td><td>छात्रवृत्ति</td><td>आर्थिक</td><td>१००००</td></tr>
</table>
</td><td>१७५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौच र मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>०७९/१/६</td><td>कार्यक्रम</td><td>सहयोग</td><td>०</td></tr>
<tr><td>६८०-०७९/३/२४</td><td>छात्रवृत्ति कार्यक्रम</td><td>धार्मिक सहायता</td><td>५००००</td></tr>
<tr><td>६८१-०७९/३/२४</td><td>छात्रवृत्ति कार्यक्रम</td><td>आर्थिक सहायता</td><td>२५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>सवारी साधन मर्मत<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । सवारी साधन मर्मत खर्च रु. ११,१७,३१८ खर्च भएकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालिना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>बढी भुक्तानीः<br><br>आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । एकिकृत विपद् व्यवस्थापन केन्द्रअन्तर्गत बारुणयन्त्र सञ्चालनका लागि तीन</td><td>६६,७०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वटा पालिकाको संयुक्त बैठकको निर्णयानुसार कार्यरत रहेका देहायका चालक र फायरम्यानहरूलाई २०७९ साल फाल्गुन महिनामा हाजिर भएको दिनभन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ । | |
| ८३ | | | **बैंक जमानतको म्यादः** | २,४६९,००० |

| सि.नं. | विवरण | मासिक पारिश्रमिक रु. | अनुपस्थित रहेको दिन | रकम रु. |
|---|---|---|---|---|
| १ | चालक- शियाराम सर्वरीया | २३००० | ५ | ३८३४ |
| २ | चालक- जगनारायण मेहता | २३००० | ५ | ३८३४ |
| ३ | फायरम्यान- जय प्रकाश मेहता | २०००० | ५ | ३८३४ |
| ४ | फायरम्यान- राजकुमार चौधरी | २०००० | ५ | ३८३४ |
| ५ | फायरम्यान- अनिल कुमार उराँव | २०००० | ५ | ३८३४ |
| ६ | फायरम्यान- श्रवण कुमार मेहता | २०००० | ५ | ३८३४ |
| ७ | फायरम्यान- पवन कुमार हलुवाई | २०००० | १९ | १४५६७ |
| ८ | फयरम्यान- तेजनारायण चौधरी | २०००० | १९ | १४५६७ |
| ९ | फायरम्यान- शिवनन्द चौधरी | २०००० | १९ | १४५६७ |
| जम्मा रु. | | | | ६६७०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्ने र कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले ठेक्का नम्बर DRM/BUILDINGS/C/NCB/03/078/079- Construction of Agriculture Market Building को ठेक्कामा कृषि विकास बैंक लिमिटेड, ईनरुवाबाट जारी भएको कार्यसम्पादन जमानत नम्बर PB/023/0024/4751/21 रकम रु. २४,६९,०००/- को म्याद समाप्त हुने मिति कम्तीमा २०८०।०४।२६ गतेसम्म हुनुपर्नेमा सो को म्याद समाप्त भईसकेको हुँदा कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ । | |
| ८४ | | | **फरक कामको भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नका लागि आवश्यक निर्माण सामाग्री दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने र नियम १०(६) बमोजिम निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाईन ड्रइङ समेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउनु पर्नेछ । त्यस्तै, नियम ११८ मा सम्झौतामा उल्लेख भएभन्दा फरक कार्य गर्नुपर्दा नियमानुसार भेरिएशन गर्ने सक्ने कानुनी व्यवस्था समेत रहेको छ । पालिकाले ठेक्का नं. DRM/BUILDINGS/NCB/06/078/079 को Construction of Tahra for Krishi Market Place at Dewangunj-5, Kaptangunj, Sunsari को लागत अनुमान तयार गर्दा S.N.- 3 मा Flat dry brick soling in foundation etc. कार्यको स्वीकृत दररेट अनुसार भ्याटबाहेक रकम रु. ९८२.११ राख्नुपर्नेमा फरक दररेट रकम रु. ४३३०.४० राखिएको छ । उक्त ठेक्काको लागि भएको इ बिड अनुसार सबैभन्दा कम कवोल गर्ने श्री भगवती कन्ष्ट्रक्शन, सुनसरीले उक्त कार्यका लागि दररेट भ्याट बाहेक रकम रु. २२०० (४९.२० प्रतिशत कमी) कवोल गरेको छ भने कार्यसम्पन्न भई प्राविधिकले पेश गरेको नापी किताबमा समेत Flat dry brick soling in foundation etc. को मेजरमेन्ट बुक तयार गरी सो को आधारमा सम्बन्धितलाई रकम भुक्तानी भएको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा भूलवश ढुंगाको सोलिङ लेख्नुपर्नेमा ईट्टाको सोलिङ भएको प्रतिक्रिया प्राप्त भएको र नापी किताबमा समेत सोलिङको उचाई समेत उल्लेख भएको हुँदा उक्त आइटममा भुक्तानी भएको रकम रु. ८५५५८ अनियमित देखिएको रु. | ८५,५५८ |
| ८५ | | | **ल्याब टेष्टको भुक्तानीः** | ४६,३३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले Construction of Agriculture Market Building (DRM/BUILDINGS/C/NCB/03?078?79) को अन्तिम बिल भुक्तानी गर्दा ल्याब टेस्ट गरेको खर्च रकम रु. ४६३३० भुक्तानी गरेको तर ल्याब रिपोर्ट पेश नभएको हुँदा सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ । | |
| ८६ | | | **गाउँपालिका भवन उद्घाटन कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्विकृत कार्यक्रमको परिधिभित्र रही तोकिएको काममा मात्र खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले भवन उद्घाटन कार्यक्रममा टेन्ट तथा गेट व्यवस्थापन र खाना खाजाका लागि पालिका चालुबाट चन्द्रशेखर सिन्हालाई रु. २५००००, सुभुक लाल महतोलाई रु. २५०००० र विभिन्न व्यक्ति तथा फर्मलाई रु. ९९००० गरी जम्मा रु. ५९९००० खर्च गरेको छ । पुनः मर्मत सम्भार कोषबाट समेत देहाय अनुसारको भौचरहरुबाट खर्च लेखेको हुँदा एउटै कामको लागि दोहोरो भएको वा नभएको यकिन गर्न नसकिएको हुँदा यसरी खर्च लेखिएको रकम अनियमित भएको रु. | १,२९१,९२१ |

| भौचर र मिति | खर्च रकम | भुक्तानी पाउने | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| ३।०७८।८।२३ | ४१६९४३ | चौधरी इम्पेक्स | विविध खाना खाजा तथा मसलन्द सामान खरिद | चालुबाट समेत सोही सामान खरिदको भुक्तानी |
| ४।०७८।८।२३ | २८१७५० | उमेश कुमार मेहता | टेन्ट हाउस गेट कुर्सी आदि | चालुबाट समेत सोही प्रयोजनको भुक्तानी |
| ६।०७८।८।२३ | १९१००० | करण कृषि सामाग्री ट्रेडर्स | फुलमाला खरिद | |
| ३।०७८।८।२३ | ३५३०० | चौधरी इम्पेक्स | विविध सामान खरिद | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३।०७८।८।२३</td><td>१७००६०</td><td>करण कृषि सामाग्री ट्रेडर्स</td><td>खानाको लागि सामान खरिद</td><td>खाना खाजाको लागि समेत चालुबाट भुक्तानी</td></tr>
<tr><td>३।०७८।८।२३</td><td>१९६८६८</td><td>मनोज पेपर वर्क्स</td><td>ब्यानर लगायत</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१२९१९२१</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>टुक्रे काम<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद गर्न नपाउने व्यवस्था रहेको छ । एउटै प्रकृतिको काम विभिन्न स्थानमा हुने भएकोमा प्याकेजिङ गरी खुला प्रतिस्पर्धाको माध्यमबाट गर्न सकिने छ । पालिकाले यस वर्ष विभिन्न स्थानमा माटो पुर्ने तथा बाटो ग्राभेल गर्ने काम तथा निर्माण सम्बन्धी काम कोटेशनबाट मात्र गरेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>८७.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावलीको दफा ८५ मा पाचँ लाखसम्म (संशोधनमा दश लाखसम्म) लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था रहे पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ती फर्म वा संस्थाबाट एक पटकभन्दा बढी टुक्रा टुक्रा गरी प्रतिपर्धालाई सीमित पार्ने गरी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाको भौचरको नमूना परीक्षण गर्दा पालिकाले देहाय अनुसारको एउटै प्रकृतिको बाटो ग्राभेल तथा निर्माण काम एउटै मितिमा पटक पटक गरी तोकिएको सीमाभन्दा कमको लागत अनुमान बनाई सोझै खरिद गरेको देखिन्छ ।
<table>
<tr><th>भौचर र मिति</th><th>निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>६६।०७८।६।१९</td><td>बि एण्ड बि कन्स्ट्रक्सन</td><td>१९०७१९</td></tr>
<tr><td>६८।०७८।६।१९</td><td>बि एण्ड बि कन्स्ट्रक्सन</td><td>४७९०२८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७०।०७८।६।१९</td><td>बि एण्ड बि कन्स्ट्रक्सन</td><td>२४७८४६</td></tr>
<tr><td>७२।०७८।६।१९</td><td>बि एण्ड बि कन्स्ट्रक्सन</td><td>१८८९१४</td></tr>
<tr><td>७६।०७८।६।१९</td><td>मदन निर्माण सेवा</td><td>२७१५०९</td></tr>
<tr><td>७८।०७८।६।१९</td><td>पवन कन्स्ट्रक्सन</td><td>१८२९७७</td></tr>
<tr><td>८०।०७८।६।१९</td><td>दिनेश निर्माण सेवा</td><td>१४५२११</td></tr>
<tr><td>८४।०७८।६।१९</td><td>पवन कन्स्ट्रक्सन</td><td>३३५१५५</td></tr>
<tr><td>८८।०७८।६।२२</td><td>अमर कन्स्ट्रक्सन</td><td>३२८७००</td></tr>
<tr><td>११३।०७८।७।१५</td><td>सुन्दर्भ कन्स्ट्रक्सन प्रा लि</td><td>४८४७७६</td></tr>
<tr><td>११५।०७८।७।१६</td><td>मधु कन्स्ट्रक्सन प्रा लि</td><td>३९२१६८</td></tr>
<tr><td>११६।०७८।७।२५</td><td>सुन्दर्भ कन्स्ट्रक्सन प्रा लि</td><td>१९११४३</td></tr>
<tr><td>११९।०७८।७।२५</td><td>मधु कन्स्ट्रक्सन प्रा लि</td><td>३८३६०६</td></tr>
<tr><td>१७४।०७८।९।१९</td><td>भगवती कन्स्ट्रक्सन</td><td>४६१११७</td></tr>
<tr><td>१७८।०७८।९।१९</td><td>वेल्ही कन्स्ट्रक्सन</td><td>४७९९४०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४७६२८०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८७.२</td><td></td><td></td><td>पालिकाले गाउँ सभाबाट निर्णय गरी निर्माण कार्य गर्दा सम्बन्धित लाभग्राहीको नगद लागत सहभागिता अनिवार्य गरी प्रत्येक योजनामा लागत सहभागिता सुनिश्चित गरेको देखिन्छ । यसरी उपभोक्ता समितिबाट हुने काममा नगद लागतसहभागिता हुने र लाभग्राहीको स्वाभित्व समेत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बढ्ने गरेको छ । तर माथि प्रतिस्पर्धा लाई सीमित पारि उल्लेखित कोटेशनबाट काम गराउदा निर्धारित प्रतिशत नगद लागत सहभागिता समेत प्राप्त भएको देखिएन । | |
| ८७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को उपदफा ७ मा सभाले स्विकृत गरेको सीमा र शीर्षक फरक पारी खर्च गर्न नपाइने व्यवस्था रहेको छ । साथै बजेट अवण्डा समेत राख्न नमिल्ने देखिन्छ । पालिकाले अत्यावश्यक सानातिना फुटकर योजना लगायत विभिन्न शीर्षकमा बजेट अवण्डा राखी टुक्रा टुक्रा गरी विभिन्न बाटो ग्राभेल गर्ने काम उल्लेखित कोटेशनबाट गरेको देखिन्छ । सभाको स्वीकृति बेगर बजेट खर्च गर्ने प्रवृत्ति नियन्त्रण हुनुपर्दछ । | |
| ८७.४ | | | सडक तथा पुल निर्माण सम्बन्धी सडक विभागको मार्गदर्शन अनुसार बाटो निर्माण मर्मत लगायत काममा बाटोको लम्बाई खुल्ने गरी चेनेज उल्लेख गर्नुपर्ने र सोही अनुसारको लागत अनुमान बनाई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित बाटो निर्माण तथा मर्मत कार्यमा चेनेज उल्लेख नगरेको कारणले त्यस्को वास्तविक लम्बाई बारे यकिन नभएको हुँदा काम भएको वास्तविक परिमाण बारे समेत यकिन गर्न सकिएन । | |
| ८८ | | | **न्यायिक समिति बैठक भत्ता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा न्यायिक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । न्यायिक समितिको बैठकमा न्यायिक प्रयोजनको लागि विवादवारे छलफल तथा निर्णय हुनुपर्ने देखिन्छ । प्रदेश सरकारले व्यवस्था गरे अनुरुप प्रति बैठकमा पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता पाउनुपर्ने हुन्छ । पालिकाले देहाय अनुसार न्यायिक समितिको बैठक भत्ता भुक्तानी गरेको माइन्युट परीक्षण गर्दा न्यायिक प्रयोजन भन्दा फरक कामको लागि बैठक बसी निर्णय गरेको देखिन्छ । कार्यालयको सामान्य प्रकृतिको निर्णयहरु गरेको आधारमा बैठक भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु. | ७६,८०० |

| भौचर र मिति | बैठक संख्या | रकम |
|---|---|---|
| ३।०७८।६।२५ | ६ वटा बैठक | २१२०० |
| ७।०७८।१०।१७ | ७ वटा मध्ये ३ वटा मात्र बैठक न्यायिक प्रयोजनको लागि | ३५४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१८।०७८।१२।२३</td><td>६ वटा बैठक</td><td>२०२००</td></tr><tr><td colspan="2">जम्मा</td><td>७६८००</td></tr></table></td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<table><tr><td>सि नं</td><td>विद्यालयको नाम</td><td>शिर्षक</td><td>रकम</td></tr><tr><td>१</td><td>श्री जानप्रिय आ. वि .</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr><tr><td>३</td><td>श्री जनता मा. वि .</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>५४०००००</td></tr></table></td><td>५,४००,०००</td></tr>
<tr><td>९०</td><td></td><td></td><td>बढी रकम निकासा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट हुने काममा प्राविधिक नापजाँच मूल्यांकन तथा कार्यसम्पन्नको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले संघीय सःशर्त अनुदान तथा प्रदेश सःशर्त अनुदान तर्फको देहायको योजनामा</td><td>२,६०७,८७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उपभोक्ता समितिबाट काम नभएको तथा कम भएको अवस्थामा समेत रकम निकासा गरेको छ । उपभोक्ता समितिलाई दिएको काम तोकिएको अवधिमा सक्नुपर्ने नसकेमा नियमानुसार कारवाही गर्नुपर्ने हुन्छ । पालिकाले संघीय सःशर्त तथा प्रदेश सःशर्त तर्फको रकम कार्यसम्पन्न नभई तथा वास्तविक रुपमा खर्च नभएको अवस्थामा समेत रकम निकासा गरी अनुदान रकम फिर्ता नगरेको हुँदा वास्तविक काम भएको मूल्यांकन गरी काम सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर र मिति</th><th>योजना</th><th>निकासा</th><th>काम भएको</th><th>बढी</th><th>कोष</th></tr>
<tr><td>५०।०७९।३।२४</td><td>आधारभुत स्वास्थ्य केन्द्र, राजगंज</td><td>१६३६६३९</td><td>०</td><td>१६३६६३९</td><td>संघीय सञ्चित कोष</td></tr>
<tr><td>१६।०७९।३।२५</td><td>सामुदायिक भवन निर्माण</td><td>४८५०००</td><td>०</td><td>४८५०००</td><td>प्रदेश सञ्चित कोष</td></tr>
<tr><td>१७।०७९।३।२५</td><td>साविक कसानगंज ९ कब्राघाहा घेरावेरा</td><td>४८६२४०</td><td>०</td><td>४८६२४०</td><td>प्रदेश सञ्चित कोष</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२६०७८७९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९१</td><td>२८ मर्मत सम्भार कोष</td><td>२०७९-३-१५</td><td>बिजक पेश नभएको<br><br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले सरु सर्भिसिङ सेन्टर लाई रु. १९९९१७ भुक्तानी दिएकोमा जि.स.स. सुनसरीको नाममा फोटोकपी बिजक रहेको तथा खर्च पुष्टि गर्ने वास्तविक बिल बिजक नरहेको हुँदा खर्चको प्रयोजन पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु.</td><td>१९९,९१७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९२</td><td></td><td></td><td>१५ सैया अस्पताल<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसार निर्माण कार्यको भुक्तानी दिदाँ प्राविधिक मूल्याकंन नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । १५ शैंया अस्पताल निर्माणको लागि कुवर डेभलपर्स एण्ड विल्डर्स प्रा, लि, सँग सम्झौता भई प्रथम रनिङ बिलको भुक्तानी गर्दा काम भएको रु, १७४३०००० मा पेश्की रु, ५०००००० घटाइ बाँकी हुन आउने रु, १२४३०००० खुद भुक्तानी दिनुपर्ने हुन्छ ।पालिकाले उक्त कार्यक्रम तर्फवाट रु १७४३०००० निकासा र रु ५०००००० पेश्की गरी जम्मा रु २२४३०००० भुक्तानी दिएको हुदा रु २२४३०००० को काम भएको प्रमाण पेश हुनुपर्ने अन्या असुल गर्नुपर्ने रु.</td><td>५,०००,०००</td></tr>
<tr><td>९३</td><td></td><td></td><td>बिल भरपाइ पेश हुनुपर्ने<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको दौरानमा पालिकाले पूँजीगत शीर्षकमा पेश गरेको स्रेस्तामा देहाय अनुसारको भुक्तानी भएको भौचरहरुको बिल बिजक संलग्न नराखेको हुँदा बिल बिजक पेश हुनुपर्ने अन्यथा जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाई असुल हुनुपर्ने रु.<table><tr><th>सि. नं.</th><th>भौचर र मिति</th><th>रकम</th></tr><tr><td>१</td><td>२५६।०७८।११।२५</td><td>४३७१२३</td></tr></table></td><td>४३७,१२३</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ अनुसार नियमानुसार छनौट भएको लाभग्राहीहरुलाई सम्झौता पश्चात दुई किस्तामा रकम दिइने र प्रथम किस्ता रु. ३०००० दिनुपर्ने हुन्छ । दोस्रो किस्ताको लागि सम्बन्धित लाभग्राहीले कार्यसम्पन्न गरेपछि कार्यालयबाट खटाइएको प्राविधिकबाट नापजाँच गरी अनूसुची २ बमोजिमको कार्यसम्पन्न बनाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले हालसम्म १६३ वटा लाभग्राहीसँग सम्झौता गरी पहिलो किस्ता भुक्तानी गरेको देखिन्छ । पहिलो किस्ता लगेको लाभग्राहीहरुमध्ये कसैले पनि कार्यसम्पन्न नगरेको संलग्न प्रमाणबाट देखिन्छ । कार्यसम्पन्न हुन बाँकी १६३ जना लाभग्राहीको अनुसूची २ अनुसारको कार्यसम्पन्न</td><td>४,८९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन पेश हुनुपर्ने रु. | |
| ९५ | | | **प्रोभिजनल सम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले देवानगंज १ २ र ७ परमेश्वर मिल पूर्व उत्तर सुदिप लाल घर हुदै साविक रासी ४ पुरानो हेल्थपोष्ट देवानगंज ७ र सुदिमलाल घर पश्चिम बाटो निर्माण कार्यमा रनिङ बिलको भुक्तानी दिदाँ प्रोभिजनल सम वापतको रकम रु. ४३२००० सम्झौता गर्ने साह आर के जे. भी. लाई भुक्तानी दिएकोमा निर्माण व्यवसायीले खर्चको पुष्टि गर्ने बिजक पेश नगरेको हुँदा वास्तविक रुपमा खर्च नभएको रकम रु. ४३२००० को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु. | ४३२,००० |
| ९६ | १२ स्वास्थ्य चालु | २०७९-२-२६ | **क्याल्सियम ट्याबलेट**<br><br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले तालिम सञ्चालनको लागि विनियोजन गरेको रु. ५१२२०० ले क्याल्सियम ट्याब्लेट खरिद गरेको छ । संघीय सरकारबाट नै मागको आधारमा गर्भवती महिलाहरुको लागि क्याल्सियम ट्याब्लेट खरिद गर्न रकम निकासा हुने गरेकोमा पुनः पालिकाले भारद्वाज औषद्यालयबाट ५०० एम. जि. को प्रति ट्याब्लेट रु. ५ को दरले जम्मा १०४००० वटा क्याल्सियम ट्याबलेट खरिद गरी राखेको हुनाले सम्बन्धितलाई वितरण गरेको भरपाई पेश हुनुपर्ने रु. | ५१२,२०० |
| ९७ | ६४७ | २०७९-३-२२ | **अपाङ्गगता कार्यक्रमको अनुगमन**<br><br>सार्वजनिक निकायले कुनै पनि संस्थालाई अनुदान भुक्तानी गर्दा तोकिएको कार्यविधि तथा नर्म्समा रहेर खर्च गर्नुपर्दछ । साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राखु पर्ने व्यवस्था छ । अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको अनुगमन वापत रु. ३०००० खर्च लेखेको छ । अपाङ्गता कार्यक्रम अनुगमन कार्यको अनुगमन प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रु. | ३०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८ | | | अनुगमन तथा सम्परीक्षणः<br><br>लेखापरिक्षणको क्रममा कार्यालयले सम्परीक्षणको लागी कुनै प्रमाण कागजात पेश नगरेको । | |